# सरकारले प्रतिस्पर्धालाई प्राथमिकताका साथ कार्यान्वयन गरेन

नेपाल समाचारपत्र

काठमाडौं

नेपालमा प्रतिस्पर्धाको कानुन कार्यान्वयनमा सरकार नै कमजोर देखिएको विश्लेषकहरूले बताएका छन्। खुला बजार अर्थव्यवस्था तथा निजीकरण व्यवस्था अवलम्बन गरे पनि सरकारले प्रतिस्पर्धालाई प्राथमिकताका साथ कार्यान्वयन नगरेको टिप्पणी छ।

विश्व प्रतिस्पर्धा दिवसका अवसरमा सोमबार राजधानीमा साउती (साउथ एसिया वाच अन ट्रेड इकोनोमिकस एन्ड इन्भायरोमेन्ट), नेपाल बार एसोसिएसन, र आर्थिक पत्रकार समाज नेपाल (सेजन) ले संयुक्तरूपमा आयोजना गरेको नेपालमा प्रतिस्पर्धाको अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले प्रतिस्पर्धाको कानुनलाई कडाइका साथ लागू गर्न सरकारसँग आग्रह गरेका थिए।

सरकारले निजी क्षेत्रलाई प्राथमिकता दिँदैमा समस्याको समाधान नहुने वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले बताउनुभयो। मन्त्री भट्टले भन्नुभयो- 'खुला बजार अर्थव्यवस्था भन्दैमा निजी क्षेत्रलाई मात्र स्वतन्त्र छोड्दा उनीहरूको छुट्टै साँठगाँठ हुन्छ र बजारको अवस्थामा अझ विकृति आउँछ।' स्वच्छ प्रतिस्पर्धामा जान सरकारले त्यहीअनुसार नीति निर्माण गर्नुपर्छ। यसमा सरकारको पनि कमजोरी रहेको मन्त्री भट्टको भनाइ थियो।

मन्त्री भट्टले भन्नुभयो- जीर्ण अवस्थामा रहेका सरकारी संस्थानहरूलाई पनि सञ्चालनमा ल्याएर निजी क्षेत्रका संस्थानहरूसँग प्रतिस्पर्धा गराएर लैजानुपर्छ। यसो भएमा मात्र निजी क्षेत्रको एकाधिकार कम हुने र प्रतिस्पर्धाको वातावरण बन्नेछ। राज्य कमजोर रहेको र राजनीतिक संक्रमणकालको अवस्था रहेकाले पनि सिन्डीकेट र कार्टेलिङ प्रणाली बढेको बताइएको थियो।

कार्यक्रममा साउतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले सरकारले सन् ९० को दशकमा खुला बजार अर्थव्यवस्था ल्याए पनि प्रतिस्पर्धाको कानुन नल्याएको हुँदा आजको अवस्था सिर्जना भएको बताउनुभयो। 'त्यो समयदेखि नै सरकारले प्रतिस्पर्धाको कानुन ल्याएर बजारको वातावरण प्रतिस्पर्धी बनाउनुपर्थ्यो' -अध्यक्ष डा. पाण्डेले भन्नुभयो।

सरकारको फितलो कार्यान्वयनकै कारण अहिले बजार अस्थिर र अव्यवस्थित हुँदै गएको कानुन व्यवसायीहरूले बताएका थिए। आजको अवस्था कमजोर राज्य र असंगठित व्यवसायीको उपज भएको कानुनविद् डा. ध्रुवेशचन्द्र रेग्मीले बताउनुभयो। कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका उप-सचिव टिकाप्रसाद भण्डारीले सरकारले २०३४ सालमा बनाएको संस्था दर्ता ऐन संशोधन गर्नुपर्ने बताउनुभयो। सो ऐनमा गैरकानुनी काम गर्ने संस्थाहरूलाई खारेज गर्ने प्रावधान छैन। 'यो नयाँ प्रावधान ल्याएर कार्टेलिङमा संलग्न कम्पनी तथा संस्थालाई खारेज गर्नुपर्छ।' उप-सचिव भण्डारीले भन्नुभयो।

स्थानीय प्रशासन सक्रिय नभएसम्म बजारको अस्वस्थ प्रतिस्पर्धा नहट्ने भन्दै भण्डारीले ७५ वटै जिल्लामा बजार संरक्षण अधिकृत नियुक्त गर्नुपर्ने बताउनुभयो। साथै राजनीतिक पार्टीहरूबाट कार्टेलिङ गर्ने समूहलाई संरक्षण गर्ने परम्पराको अन्त्य हुनुपर्ने स्पस्ट पार्नुभयो। विश्वमा सन् १९८० देखि मनाउन थालिएको प्रतिस्पर्धा व्यवस्था नेपालमा दोस्रो चोटी मनाइएको हो।